# सिपाही
पाक्षिक

रातो र चन्द्र सूर्य जङ्गी निशान हाम्रो
जिउँदो रगत सरी यो बल्दो यो शान हाम्रो
हिमाल झैं अटल यो झुकेन यो कहिल्यै
लत्रेन यो कहिल्यै जङ्गी निशान हाम्रो
यो जन्मदै जगतमा कैयौं प्रहार आए
साम्राज्य दुई हारे हारेन शान हाम्रो
जबसम्म चन्द्र सूर्य आकाशमा रहन्छन्
तबसम्म हुन्छ आफ्नै रातो रगत यो हाम्रो
गाई सरी छन् साधु जो जो यहाँ जगत्मा
सबको शरण बलियो जङ्गी निशान हाम्रो

वर्ष ७ | अङ्क ८ | पृष्ठ ८ | १५ मङ्सिर २०६८


## दुई सहायक रथी उपरथी दर्जामा पदोन्नति

यही मङ्सिर १ गते जङ्गी अड्डामा आयोजित एक समारोहकाबीच प्रधानसेनापति महारथी श्री छत्र मान सिंह गुरुङ्गले सहायक रथीद्वय श्री रामकृष्ण अधिकारी र श्री राजेन्द्र क्षेत्रीलाई उपरथी दर्जाको दर्ज्यानी चिन्ह प्रदान गर्नुभयो ।



उपरथी दर्जाको दर्ज्यानी चिन्ह प्रदान गर्नुहुँदै प्रधान सेनापति महारथी श्री छत्र मान सिंह गुरुङ्ग।

गत कात्तिक २९ गतेबाट उपरथी दर्जामा पदोन्नति हुनुभएका उपरथी श्री अधिकारी पूर्वी पृतनाको पृतनापति तथा उपरथी श्री क्षेत्री मध्य पृतनाको पृतनापतिमा नियुक्ति हुनुभएको छ ।

## प्रधान सेनापतिद्वारा आर्टीलरी फायरीङ्ग निरीक्षण

प्रधान सेनापति महारथी श्री छत्र मान सिंह गुरुङ्गले धनुषा जिल्लाको भिमानमा सञ्चालन भएको आर्टीलरी प्रदर्शनी फायरिङ्गको यही मङ्सिर ३ गते निरीक्षण गर्नुभयो ।

उक्त अवसरमा बलाध्यक्ष रथी श्री गौरब शम्शेर ज.ब.रा., संभाररथी उपरथी श्री नेत्र बहादुर



आर्टीलरी फायरीङ्ग निरीक्षणका क्रममा प्रधान सेनापति महारथी श्री छत्र मान सिंह गुरुङ्ग लगायत रथीवृन्द ।

थापा, व्यवस्था तथा युद्धकार्य महानिर्देशक उपरथी श्री दमन बहादुर घले, प्रवन्धरथी उपरथी श्री नरेन्द्रबहादुर रावल, प्राड उपरथी श्री बीएकुमार शर्मा, रा.सु.प.का.सह-संयोजक उपरथी श्री कुमार बुढाथोकी, मध्य पृतनापति(हाल शिक्षाध्यक्ष, सैनिक कमाण्ड तथा स्टाफ कलेज)उपरथी श्री पवनबहादुर



आर्टीलरी फायरीङ्गको दृश्य ।



पाण्डे, पूर्वी पृतनापति(हाल उपत्यका पृतनापति) उपरथी श्री महेश विक्रम कार्की लगायत अन्य रथीवृन्द तथा अधिकृतहरुको समेत उपस्थिति रहेको थियो ।

गत कात्तिक १७ गतेदेखि मङ्सिर ३ गतेसम्म सञ्चालन भएको फायरीङ्ग अभ्यासमा आर्टीलरी निर्देशनालयअन्तर्गतका राजदल गण, नं. १ राजदल, नं.२ राजदल गण, नं. ३ राजदल गण तथा आर्टीलरी तालिम शिक्षालयका २७५ जना सकल दर्जाको सहभागिता रहेको थियो ।

## शारीरिक तन्दुरूस्ती परीक्षा शुरू

नेपाली सेनामा कार्यरत सकलदर्जाको शारीरिक तन्दुरुस्ती परीक्षा यही मङ्सिर १२ गतेबाट (बी.एफ.टी.) परीक्षा शुरु भएको छ । वर्षमा २ पटक (६/६ महिनामा) लिइने यो परीक्षा जङ्गी अड्डा तथा उपत्यका पृतनामा कार्यरत सकलदर्जाको लागि यही मङ्सिर १२ गतेबाट १५ गतेसम्म सिंहदरवारमा सञ्चालन भएको छ ।



शारीरिक तन्दुरूस्ती परीक्षामा सरिकहुँदै प्रधान सेनापति महारथी श्री छत्र मान सिंह गुरुङ्गलगायत रथीवृन्द ।

यस दौड परीक्षामा विभिन्न उमेर समुहअनुसार निर्धारित समयभित्र दुई माईल दुरी पार गर्नु पर्दछभने उमेर समुहअनुसार सिट अप तथा पुस अप परीक्षा समेत लिने गरिन्छ । यी परीक्षाहरुमा सकल दर्जा अनिवार्य पास हुनुपर्ने नियम रहेको छ ।

## बलाध्यक्ष रथीद्वारा वीरेन्द्र शान्ति कार्य तालिम केन्द्र निरीक्षण



वी. शा. ता.के.को निरीक्षणका क्रममा बलाध्यक्ष रथी श्री गौरव शम्शेर ज.ब.रा.

बलाध्यक्ष रथी श्री गौरब शम्सेर ज.ब.रा. ले यही मङ्सिर १० र ११ गते पाँचखालस्थित वीरेन्द्र शान्ति कार्य तालिम केन्द्रको निरीक्षण गर्नुभएको छ ।

त्यसक्रममा बलाध्यक्ष रथी श्री ज.ब.रा.ले मङ्सिर ११ गते क्वाटर गार्ड, विभिन्न ट्रेड ब्लक एवं शान्ति सेनामा खट्टिने गणहरुको निरीक्षण गर्नुभएको छ । निरीक्षणको क्रममा केन्द्रपति महासेनानी श्री देवेन्द्र बहादुर मेधासीले केन्द्रमा सञ्चालन भइरहेका तालिम, निर्माण कार्य लगायत केन्द्रको गतिविधिबारे जानकारी गराउनु भएको थियो ।

## बलाधिकृत रथीको भारत भ्रमण

मित्रराष्ट्र भारत सरकारको निमन्त्रणामा यही मङ्सिर ६ गते बलाधिकृत रथी श्री नेपाल भूषण चन्दको नेतृत्वमा भारत भ्रमणमा गएको ३ सदस्यीय प्रतिनिधि मण्डल यही मङ्सिर १३ गते स्वदेश फिर्ता भएको छ ।



बलाधिकृत रथी श्री नेपाल भूषण चन्दलाई स्वागत गर्नुहुँदै कार्यरथी उपरथी श्री नरबहादुर कँडेल ।

भारत भ्रमणमा गएको उक्त प्रतिनिधि मण्डललाई श्री सैनिक हवाई महानिर्देशक चालक उपरथी श्री रविचन्द्र शाहले विदाई गर्नुभएको थियो भने स्वदेश फिर्ताको क्रममा कार्यरथी उपरथी श्री नर बहादुर कंडेलले स्वागत गर्नु भएको थियो ।

प्रधान सम्पादक : प्रा.म.से. किरण बाबु थापा
प्रबन्ध निर्देशक : म.से. कुवेर थापा
सम्पादक : प्रा.प्र.से ईश्वर कुमार श्रेष्ठ
सह–सम्पादक : सह–सेनानी भैरव लिम्बु
प्रकाशक : श्री सैनिक जनसम्पर्क निर्देशनालय, श्रव्यदृश्य महाशाखा, प्रचार–प्रसार शाखा, जङ्गी अड्डा,
फोन : ०१–४२४१७३१, E-mail:– sipahipatrika@gmail.com
१५ मङ्सिर २०६८/1st Dec 2011.

## शाश्वत वाणी

-केबल कर्महीन नै यस्तो हुन्छन् जो भाग्यलाई फुकाउँछन् र उसको साथमा गुनासोको बाहुल्यता रहन्छ । - गौतम बुद्ध

-जहिले पनि असल कर्महरु गर किनभने मानिसको मूल्याङ्कन उसका कार्यका आधारमा हुने गर्दछ । - यहुदी धर्म

-क्षमता अथक परिश्रम र निरन्तर अभ्यासपछि आर्जन हुने गुण हो ।-अज्ञात

## सम्पादकीय...
## सचेतना कार्यक्रम

*हालका दिनहरुमा नेपाली सेना अन्तर्गत विभिन्न युनिटहरुले आफू तैनाथ स्थानविशेष एवं जिम्मेवारी क्षेत्रहरुका सर्वसाधरणहरु खासगरी विद्यार्थीहरुलाई लक्षित गरी माईन तथा आई.ई.डी.हरुको जोखिमसम्बन्धी सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिरहेका छन् । यद्यपि, जारी शान्ति प्रकृयाको प्रारम्भसँगै नेपाली सेनाले यस्ता कार्यक्रमहरुलाई निरन्तरता दिनुकासाथै विगत द्वन्द्वकालमा मूलुकका महत्त्वपूर्ण संरचनाहरुको सुरक्षार्थ लगाइएका माईनफिल्डहरु हटाउने कार्यलाईसमेत युद्धस्तरमा अगाडि बढाएको थियो । फलतः माईनफिल्ड अर्थात बारुदी सुरुङ्ग हटाउने कार्य शुरु गरेको छोटो समयमै पूरा गरी यसै वर्षको असार १२ गते मूलुकलाई बारुदी सुरुङ्ग-मुक्त राष्ट्र घोषित गर्ने कार्यसमेत सम्पन्न भएको थियो ।*

*जारी शान्तिप्रकृयाको एउटा महत्त्वपूर्ण कदमको रुपमासमेत हेरिएको उक्त कार्यसँगै बाँकी रहेका आई.ई.डी.फिल्डहरु हटाउने कार्य अद्यापि जारी छ । यस पृष्ठभूमिमा हाल नेपाली सेनाको नीति, निर्देशनभित्र रही पृतना तथा त्यस अन्तर्गत युनिटहरुद्वारा सञ्चालित माईन तथा आई.ई.डी.बाट हुन सक्ने जोखिम र सुरक्षात्मक उपाय सम्बन्धी सचेतनामूलक कार्यक्रम अत्यन्त सामयिक र सान्दर्भिक छ । किनकि कुनै निश्चित ठाउँमा राखिएका त्यस्ता माईन तथा आई.ई.डी.हरु सफाइ गरिएतापनि वा सजिलै गर्न सकिने भएतापनि बेवारिसे अवस्थामा छाडिएका, फालिएका वा कुनैपनि रेकर्डमा नराखिएका त्यस्ता वस्तुहरु सधैं जोखिमपूर्ण अवस्थामा रहिरहन्छन् । जसबाट जो कोही जुनसुकै बेला प्रभावित हुन सक्दछ ।*

*यस सन्दर्भमा मूलुकका विभिन्न भागहरुमा क्रियाशील अनेकन सशस्त्र समूहहरुको गतिविधि निकै गम्भीर चुनौतिको रुपमा रहेको छ । जसले त्यस्ता घातक विष्फोटक पदार्थहरुको उल्लेख्य प्रयोग गर्ने गरेको यथार्थ सोचनीय छ ।*

*अतः उल्लेखित परिवेशहरुकाबीच विष्फोटक पदार्थहरुसम्बन्धी सचेतनामूलक कार्यक्रमहरु निकै प्रभावकारी सावित हुन सक्दछन् । यससम्बन्धी सामान्य ज्ञान वा चेतनाकै कमिले गर्दा विगतमा कयौं सर्वसाधरण, महिला, बालबालिका तथा विद्यार्थीहरु अङ्गभङ्ग वा मृत्युवरण समेत गर्नुपरेको तितो सत्य हामीसँग प्रसस्तै छन् । चेतनाको कमिको कारण सानोतिनो भूल र गल्तिले हुने यस्ता घटनाहरुबाट बच्नु र बचाउँनु राज्य तथा नागरिक दुबैको उत्तिकै सजगता र जिम्मेवारीबोध आवश्यक छ । हाल नेपाली सेना अन्तर्गत युनिटहरुले सञ्चालन गरिरहेको विष्फोटक पदार्थसम्बन्धी सचेतना कार्यक्रम यही दिशामा केन्द्रित छ । जसले विष्फोटक पदार्थसम्बन्धी आम जनतामा सचेतना वृद्धि गर्नुको साथसाथै यसबाट उत्पन्न जोखिमलाई धेरै हदसम्म न्यूनीकरण गर्ने कुरामा आशावादी हुन सकिन्छ ।*

## नं.२१ वाहिनी अड्डाको वार्षिकोत्सव सम्पन्न

यही मङ्सिर १ गते श्री नं.२१ वाहिनी अड्डाले आफ्नो स्थापनाको ८ औं वार्षिकोत्सव विभिन्न कार्यक्रमहरुको आयोजना गरी मनाएको छ। वार्षिक उत्सवको अवसरमा उक्त वाहिनीका निमित्त वाहिनीपति महा सेनानी श्री ताराध्वज पाण्डेले क्वार्टर गार्डमा विधिवत् पूजा अर्चना गर्नुभई वाहिनीको झण्डोत्तोलन गर्नुभएको थियो। यसैगरी उहाँले वार्षिकोत्सवको अवसरमा सञ्चालित फुटबल, भलिबल, व्याडमिन्टन, तानडोरी तथा दौड प्रतियोगिताका विजयी खेलाडीहरुलाई पुरस्कृत गर्नुभएको थियो भने उत्कृष्ट वर्ष जवान पिपा मन्जित खवाससलाई समेत पुरस्कार प्रदान गर्नुभएको थियो। आमन्त्रित अथिति तथा सकलदर्जाका परिवारहरुको लागि मनोरञ्जनात्मक खेल प्रतियोगिता, वडाखाना र सांस्कृतिक कार्यक्रम समेत आयोजना गरिएको उक्त वार्षिकोत्सवको अवसरमा इन्द्रध्वज गण, नं. २१ सिग्नल गुल्म, नं. २१ फि.ए.गुल्म र वाहिनी कारखानाको सकल दर्जाको सहभागिता रहेको थियो।

## बाथ रोग

**बाथ रोगः-**

बाथ रोगले हाड, जोर्नी तथा मांसपेशीहरु दुख्ने, कडा हुने तथा सुन्निने गर्छ । तर यो रोगले शरीरको फोक्सो, फियो, मुटु तथा अरु अङ्गहरुलाई पनि असर पुऱ्याउँछ। यो रोग सबै ठाउँमा सबै उमेरका मानिसहरुमा पाइन्छ। यो रोग ज्यादै देखा पर्ने भएपनि लाग्ने कारण अझसम्म थाहा पाउन सकिएको छैन ।

**यो रोग लागेको कसरी थाहा पाउने ?**

तपाईंको स्वास्थ्य

यो रोगका लक्षणहरु कसै कसैलाई एक्कासी एकै पटक देखिन्छ भने कसै-कसैलाई बिस्तारै - बिस्तारै देखा पर्ने गर्दछ । एक्कासी लक्षणहरु देखा पर्दा त्यस्ता व्यक्तिहरुका जोर्नी दुख्ने तथा चलाउनै नहुने गरी सुन्निने हुन्छ। यसका साथै यस्ता व्यक्तिहरुलाई मन्दमन्द वा कोही कोहीलाई हन्हन्ती ज्वरो पनि आउन सक्छ । यदि रोगका लक्षणहरु बिस्तारै देखा पऱ्यो भने शुरुमा एउटा वा बढी जोर्नी र जोर्नी वरिपरिको मांशपेशी दुख्दछ। बिहान उठ्ने बित्तिकै जोर्नी दह्रो हुने (जति नहुनु पर्ने त्यति नहुने तर बिस्तारै चलाउँदै गए पछि ठीक हुने) यो रोगले घरी जोडसँग च्याप्छ घरी छाड्छ । यसरी समय बित्दै गए पछि जोर्नी मात्र होइन पूरै शरीरमा यसको असर देखा पर्न थाल्दछ। जोर्नी दुख्ने र सुन्निने बाहेक मन्दमन्द ज्वरो आउने, जीउ थकित हुने, रगतको कमी हुने, तौल घट्ने, मांशपेशीहरु दुख्ने जस्ता लक्षणहरु देखा पर्न थाल्दछन्।

यो रोग बढ्दै गएपछि हाडहरुको तल माथि छेउहरुको आकार बढ्ने, जोर्नीहरुले ठाउँ छोड्ने, जोर्नीहरु कमजोर हुने, जोर्नीहरु खुम्चने र जोर्नीहरुमा अनेक विकृतिहरु आउन सक्छन्। बाथ रोग जटिल भएपछि जीवाणुको संक्रमणले हुने जोर्नीमा पीप जम्ने रोग हुन सक्छ। साथै मानसिक रोग पनि निम्त्याउन सक्दछ।

**यसको उपचार कसरी गर्ने ?**

के कारणले लाग्छ भन्ने थाहा नभएकोले रोकथाम यसरी गर्नु पनि भन्न सकिदैन । रोगको उपचार गर्ने भन्नासाथ रोग निको पार्न भनेर बुझिन्छ। तर यसलाई निको पार्ने औषधी छैन। यसो भनेर यसका रोगीले उपचार गरिने काममा ढिलासुस्तिभने गर्नु हुँदैन र उपचार समयमै गराउनु पर्छ। यसको उपचारले रोगीको लक्षणहरुबाट छुटकारा दिलाउन, रोगलाई कडा हुनबाट रोक्न तथा प्रभावित जोर्नीहरुलाई काम दिने बनाउन सकिन्छ । रोगको अवस्था हेरेर यसको उपचार तीन किसिमले गर्ने गरिन्छ। जुन यस प्रकार छन्:-

१. सामान्य उपचार २. जोर्नी सम्बन्धी उपचार ३. औषधीबाट गरिने उपचार

**१ सामान्य उपचार**

सामान्य अवस्थामा आराम, व्यायाम, रगत कमीको उपचार गराईन्छ। कडा र तीब्ररुपले शुरु भएको अवस्थामा रोगीलाई करिब ३ हप्तासम्म घर वा अस्पतालमा शारीरिक आराम गराउनु पर्छ। कडा खालको विस्तारामा सुत्न, मानसिक आराम दिन पनि कोसिस गर्नुपर्छ। दीर्घकालीन रोगीमा रगत कमी हुने हुनाले रगत बढ्ने खानेकुराहरु खानुपर्छ। रगतको कमी भयोभने आइरन चक्की, फलिड एसिडजस्ता रगत बढाउने औषधीहरु करिब ३ महिनासम्म दिनु पर्छ।

**२ जोर्नी सम्बन्धी उपचार**

जोर्नीमा हुने दुखाई र विरुपतालाई कम गर्न काम्रोको प्रयोग गर्न सकिन्छ र कहिलेकाहीँ जोर्नी भित्रै कोर्टीकोस्टेरोइड जातका सुई पनि दिने गरिन्छ। यो सुई हाड विशेषज्ञको सल्लाह लिएर मात्र लिनुपर्छ। जथाभावी लिनु वा दिनु हुँदैन।

**३. औषधीबाट गरिने उपचार**

साधारण दुखाई छभने पारासिटामोल दिनुपर्छ। कडा खालको दुखाइलाई र सुन्निने कम गर्नको लागि एस्प्रिन आईबूप्रोफेन, डाइक्लोफेनयाक, पाइरोक्सीकाम जस्ता औषधीहरु दिनुपर्छ। यी बाहेक अरु पनि धेरै खालका औषधीहरु छन्।

*स्रोत: प्राथमिक स्वास्थ्य सेवा स्रोत केन्द्रद्वारा प्रकाशित भलाकुसारी द्वैमासिक स्वास्थ्य पत्रिका (माघ २०६७)*

## नेपाली सैनिक रेडियो कार्यक्रम प्रसारण हुने स्टेशन तथा समयतालिका

| | स्टेशन र स्थान | मेघाहर्ज | बार/समय |
|---|---|---|---|
| १ | रेडियो नेपाल | SW/MW FM१०० mhz | आइतबार बेलुका ८:१५बजेदेखि ८:४५सम्म |
| २ | राजधानी एफ.एम., काठमाण्डौं | १००.६ mhz | आइतबार साँझ ६:३० बजेदेखि ७:०० सम्म |
| ३ | मेरो एफ.एम., काठमाण्डौं | ९३.५ mhz | सोमबार राति ८:०० बजेदेखि ८:३० सम्म |
| ४ | सैलुङ्ग एफ.एम., दोलखा | १०४ mhz | मंगलबार बिहान ८:१० बजेदेखि ८:४० सम्म |
| ५ | ढोरबाराही एफ.एम, तनहुँ | ८८.२ mhz | बुधबार बेलुका ७:३० बजेदेखि ८:०० सम्म |
| ६ | वालिङ्ग एफ.एम., स्याङ्जा | ८९.२ mhz | मंगलबार साँझ ५:०० बजेदेखि ५:३० सम्म |
| ७ | स्याङ्जा एफ.एम, स्याङ्जा | ८९.६ mhz | विहीबार साँझ ५:३० बजेदेखि ६:०० सम्म |
| ८ | रेडियो मनासलु, गोरखा | १०३.९ mhz | मंगलबार साँझ ६:०० बजेदेखि ६:३० सम्म |

*नोट : www.nepalarmy.mil.np मा संसारको जुनसुकै स्थानमा बसेर आफूले चाहेको नयाँ तथा पुरानो रेडियो सैनिक कार्यक्रम सुन्न सक्नुहुनेछ।*

## नेपालको सैनिक इतिहास

(साभार: नेपालको सैनिक इतिहास भाग १)

**अघिल्लो अङ्कबाट बाँकी क्रमशः**

शुरुमा यो पद रणोद्दिपद्वारा आफूलाई राजकाजमा सल्लाहकारका रुपमा अनौपचारिक रुपबाट प्रदान गरिएको हुनाले यस पदको महत्त्व थिएन तापनि प्रधानमन्त्रीको सल्लाहकारका रुपमा दिने सल्लाहको तौल बढी हुन जाने भएबाट यस पदको गरिमा कमाण्डर-इन-चीफ भन्दा कम हुन गएको थिएन । वीर शम्शेरको प्रधानमन्त्रीत्वकालमा भने हजुरिया जनरल पदको औपचारिक रुपमा घोषणा हुन गयो । यस पदमा मनोनीत भएका व्यक्तिहरु प्रधानमन्त्रीको रोलवाला हुन्थे तापनि तिनीहरुको कार्यशैलीले समय समयमा कमाण्डर-इन-चीफसँग समेत टक्कर लिने अवस्था आई राणा परिवारमा नै वैमनस्य उत्पन्न हुने अवस्था आइपर्दा चन्द्र शमशेरको शासनकालदेखि आफ्ना छोरालाई हजुरिया जनरल पद प्रदान गर्ने परिपाटी बस्न गएको थियो । यो परिपाटी मोहन शमशेरको कार्यकालसम्म यथावत कायम रहेको थियो ।

हजुरिया जनरलको पद सृजनाको आधारबाट नै यस पदको अधिकार क्षेत्र स्पष्ट हुन्छ । यस पदमा बहाली हुने व्यक्तिको प्रधानमन्त्रीसँग निकटतम सम्बन्ध हुने मात्र होइन, प्रधानमन्त्रीलाई आन्तरिक एवं बाह्य आवश्यक कुराहरुमा निर्णय लिन सल्लाह प्रदान गर्दथे र प्रधानमन्त्रीको सुरक्षा गर्ने अभिभारा तिनीहरुमा हुन्थ्यो ।

हजुरिया जनरलको कार्यभार तुलनात्मक रुपमा अध्ययन गर्ने हो भने राणाकालपूर्व शाहकालिन हजुरियाहरुकै विकसित स्वरुप देखिन आउँछ । चन्द्रशमशेरले काठमाण्डौं उपत्यकाको सदर जंगी कोतवाल र ठानाहरुका सम्पूर्ण रेखदेख हजुरिया जनरलको जिम्मामा मात्र लगाएनन्, सिंहदरबार जिन्सी अड्डा, पिपा गोश्वारा एवं सिंहदरबार घरकाज अड्डा जस्ता प्रमुख अड्डाहरुको अख्तियार सुम्पेर यसलाई महत्वपूर्ण पदमा परिणत गरिदिएका थिए । तर यी अख्तियार भन्दापनि उनको राय सल्लाहले आन्तरिक एवं वैदेशिक नीतिमा समेत निकै परिवर्तनहरु आएका उदाहरणहरु प्रथम विश्वयुद्धमा पाइन्छन् । तसर्थ राणाकालको प्रशासनिक अंगमा हजुरिया जनरलहरुको महत्वलाई नकार्न सकिँदैन ।

सन् १८११ मा भीमसेन थापाद्वारा जनरल पदको सृजना गर्ने कार्यको थालनी भएपछि कर्णेल पदको सृजना हुन गयो । सामान्यतया युद्धको बेलामा पल्टनका साथै मैदानमा उत्रने कर्णेल एक सैनिक पदाधिकारी भएर पनि उनको निजामती प्रशासनतर्फ ठूलो हात रहेको हुन्थ्यो । नेपाल एकीकरण अभियान सञ्चालन भएताका विभिन्न जिल्लाका प्रशासनहरु जस्तै सुब्बा, सरदार, कप्तान आदिले गर्ने कार्य नेपाल युद्धपछि कर्णेलहरुको मातहतमा रहन गएको थियो । उजीरसिंहले जनरल अम्मरसिंह थापाको (भीमसेन थापाका बाबु) सन् १८१४मा मृत्यु भएपछि कर्णेलको हैसियतले पाल्पाको प्रशासन भाग १९ बर्षकै उमेरमा सम्हालेका थिए । सन् १८३४ मा कर्णेलहरुमध्ये जेष्ठलाई कम्याण्डर कर्णेलको पद सृजना गरी भीमसेन थापाले आफ्नो धर्मपुत्र शेरजंगलाई प्रदान गरे । राणाकालमा पनि कम्याण्डर कर्णेल र कर्णेल पदको बहाली यथावत् कायम रह्यो । यसरी विभिन्न जिल्लाहरुमा प्रशासन चलाउने पदाधिकारी कर्णेल वा कमाण्डर कर्णेलहरु पाल्पा, धनकुटा, अछाम, जुम्ला आदि विभिन्न जिल्लाहरुमा खटिएका हुन्थे । तिनीहरुलाई प्रधानमन्त्रीको सिफारिसमा कमाण्डर-इन-चीफले नियुक्त गर्दथे र नियुक्ति पत्रमा तिनीहरुको कार्यक्षेत्र पनि खोलिएको हुन्थ्यो । दस्तावेजहरुले उल्लेख गरेअनुसार कालीपश्चिम महाकाली पूर्व मध्ये पहाडको कार्यभार पाल्पका कर्णेल, सल्यान पश्चिम महाकालीपूर्वको अख्तियारी जुम्लाको कर्णेल, अरुण पूर्वको अख्तियारी धनकुटाको कर्णेलले सम्हाल्ने गर्दथे । अछाममा भने कर्णेल पद ठेक हजारामा प्रदान गरिएको थियो ।

विभिन्न जिल्लाहरुमा खटिएका यी कर्णेल वा कमाण्डर कर्णेलहरुले जंगी मुलुकीको अख्तियार पाएका हुन्थे । आफूलाई तोकिएका क्षेत्रका आफूमुनिका पदाधिकारीहरुको पजनी, दण्ड आदि गर्ने अधिकार प्रदान गरिएको हुन्थ्यो । सन् १८५४ को एउटा दस्तावेजले कर्णेलको अधिकार क्षेत्रलाई स्पष्ट पारेको छ । सरदार कनकसिंह महतको नाममा रहेको सो दस्तावेजमा यस्तो उल्लेख गरिएको छ । :-

"उप्रान्त सल्याना पश्चिम महाकाली पूर्वको जंगी मुलुकी कामको अषतीयारी श्री भाई कर्णेल कृष्णध्वज कुंवर राणाजीलाई दियाको छ तिम्रो थमोती उनले गरि दिनन भाइले जुम्ला ज्यान्या छ डोटी तरफको काम काजलाई तिमी र सुवा वीर भन्जन माझीका सल्लाहसँग भाइले अह्वाया बमोजिम गर्नु तेस्मा केही तवाफयत पार्‍यौ भन्या तक्सीर माफिक जीय धनको सजायँ भाइले गर्न्या छ, तिमीहरुले काम काज गर्दा यहाँ साधनु पर्दैन, भाइसँग साधी उनले अह्वया बमोजिम गर्नु ।"

कमाण्डर कर्णेलको हकमा अदालत र कारिन्दालाई समेत तैनाथ गरिएको हुन्थ्यो । साधारण अदालतको कामकाज गर्ने कमाण्डर कर्णेलको मातहतमा एउटा खरिदार, २ विचारी, १ बहिदार, १ तह बिलदार र १ टहलुवाको दरबन्दी कायम गरिएको हुन्थ्यो र तिनीहरुको खर्चको निमित्त वार्षिक रकम केन्द्रबाट निर्धारण गरिएको हुन्थ्यो । अदालत र मुलुकी वा निजामती काम बाहेक जंगी काम सम्पादन गर्नका निमित्त तिनीहरुलाई सनद सवाल पठाइएको हुन्थ्यो । कर्णेलको अधिकार क्षेत्रबाट अध्ययन गर्न पुग्ने भएकोले अरुणपूर्व मेची पश्चिमको अदालत एवं जंगी मुलुकी तैनाथ पाएर धनकुटामा बसेर काम गर्न खटाइएका कमाण्डर कर्णेललाई प्रदान गरिएको सवालबाट पनि स्पष्ट हुन्छ ।

विभिन्न क्षेत्र वा जिल्लाहरुमा गएर काम गर्ने कर्णेल वा कमाण्डर कर्णेलको अभिभारामा नेपाल अंग्रेजयुद्धपछि एउटा थप दायित्व थपिन गएको देखिन्छ । नेपाल-अंग्रेज युद्धका समयताकासम्म कुमाऊँ गढवालका प्रशासक भएर काम गर्ने शासकहरुले आ-आफ्ना जिल्लामा रहेका प्रजाहरुले कुनै कामको विराउमा अथवा विद्रोह गरेमा दास बनाई बिक्री गर्ने गर्दथे र यसबाट नेपालीहरु ती शासकहरुका दमन नीतिबाट आतिएर अंग्रेज सरहदभित्र पस्दथे र पेशामा सैनिक बन्न पुग्दथे । नेपाल-अंग्रेज युद्धपछि एकीकरण अभियान ठप्प हुन गएबाट यी पूर्व पश्चिमका मानिसहरु विदेश गए सेनामा भर्ति हुन थालेपछि तत्कालीन केन्द्रका पदाधिकारीहरुलाई चिन्ताको विषय बन्न गएको थियो ।

क्रमशः अर्को अङ्कमा

## मङ्सिर १५ देखि ऐ. मसान्तसम्मको तपाईंको राशिले के भन्छ ?

*- ज्योतिषाचार्य पण्डित सहायक सेनानी श्री शिवशंकर न्यौपाने*

**यस पाक्षिकमा :**

१७ गते शनिवार अपाङ्ग दिवस, २१ गते मंगलबार एकादशीव्रत, २४ गते धान्यपूर्णिमा, खग्रास चन्द्रग्रहण स्पर्श १८:३० बजे साँझ, छोड्ने २०:०३ बजे राति

***मेषः(चु,चे,चो,ला,ली,लू,ले,लो,अ)***:-समय नराम्रो छैन, नयाँ कामको मौका आउने, सामाजिक सभा सम्मेलनमा सहभागि, बोल्दा सावधानी अपनाउनु पर्ने, जागिरबाट प्रगति हुने, व्यर्थ विवाद आउला ।

***वृषः(इ,उ,ए,ओ,वा,वी,वु,वे,वो)***:-जागिरमा प्रगति हुने, पढाइ लेखाइतिर ध्यान जाने, विवादको सामना गर्नुपर्ने, अप्रिय समाचार सुन्नुपर्ला, धार्मिक सभा सम्मलेनमा भाग लिनुपर्ने, मानसम्मान बढ्ने छ ।

*मिथुनः(का,की,कु,घ,ङ,छ,के,को,हा)*:- मन चञ्चल हुने, व्यवहारिक झंझट आइलाग्ने, पढाइ लेखाइको काम बन्ने, राजनैतिक क्षेत्रमा संलग्न जनाउनुपर्ने, सरकारी सेवाको कामबाट इज्जत बढ्ने, स्वास्थ्यमा समस्या देखिन सक्छ ।

***कर्कटः(ही,हू,हे,हो,डा,डी,डू,डे,डो)***:- खानपिन तथा मनोरञ्जनमा समय बित्ने, धनद्रव्य लाभको अवसर आउने, पढाइ लेखाइ राम्रो हुने, रक्त सम्बन्धी समस्या देखिएला, मानसिक परिश्रम बढी हुने छ, सेवाप्रति ध्यान जानेछ ।

***सिंहः(मा,मी,मु,मे,मो,टा,टी,टु,टे)***:- तपाईंको लागि समय मध्यम छ, जागिरबाट राम्रो प्रगति, स्थानान्तरण र जागिरमा राम्रो हुने, सामाजिक कामको जिम्मेवारी आउने, राजनीतितर्फ पनि चासो बढ्ने छ ।

***कन्याः-(टो,प,पी,पु,ष,ण,ठ,पे,पो)***:- पढाइ लेखाइको काम हुने, यात्राको योग, ज्ञानगुनका कुरा प्राप्त हुने, शरीरमा चोटपटक लाग्न सक्ने, आफन्त तथा इष्टमित्रको सहयोग मिल्ने, सरकारी जागिरमा राम्रो हुनेछ ।

***तुलाः(र,री,रु,रे,रो,ता,ती,तू,ते)*** :-परिश्रम गर्ने समय छ, राजनीतितर्फ चासो बढ्ने छ, तपाईंको कामको मूल्याङ्कन हुनेछ, धार्मिक सभा सम्मेलनमा सहभागि हुनुपर्ने, दानपूण्यको काम होला, सामान्य झगडा नहोला भन्न सकिन्न ।

***वृश्चिकः(तो,ना,नी,न,ने,नो,या,यी,यु)***:- राम्रो सयम छ, काममा अबरोध आउने छ, सानातिना समस्या पार हुनेछन्, खानपिन तथा यात्रामा समय बित्ने छ, मनोरञ्जन तथा विलासी सामान प्राप्त हुने योग छ ।

***धनुः(ये,यो,भा,भी,भू,ध,फा,ढा,भे)***:- फलदायी समय छ, नयाँ कामको अवसर आउने, सामाजिक कामको दायित्व बढ्ने छ, पदप्रतिष्ठा र इज्जतमा समस्या देखापर्ला, धैर्य गरे वौद्धिक काममा सफलता मिल्नेछ ।

***मकरः(भो,जा,जी,खी,खु,खे,खो,गा,गी)***:-निराश हुनुपर्ने अवस्था छैन, सामाजिक काममा संलग्नता हुने, धार्मिक काममा समस्या देखिएला, चिन्ता बढ्ने छ, परिश्रमको मूल्याङ्कन हुने, परिवारमा सुखसन्तोषको वातावरण बन्नेछ ।

***कुम्भः(गु,गे,गो,सा,सी,सु,से,सो,दा)*** :-नयाँ कामको अवसर आउने छ, भाइबन्धुबाट उचित सहयोग मिल्ने, अधुरो काम सम्पन्न हुनेछन्, पारिवारिक सुखसन्तोष मिल्ने, परिश्रमको उचित मुल्याङ्कन हुनेछ ।

***मीनः(दी,दु,थ,झ,ञ,दे,दो,चा,ची)***:-रचनात्मक काममा सफलता मिल्ने, यतिबेला तपाईंले गरेको कामको टुङ्गो लाग्ने छ, व्यर्थ विवादको समय छ, धार्मिक तथा सामाजिक कामको ससम्मान इज्जत बढ्ने छ ।

## प्रधान सेनापति ट्रफि खेलकुद प्रतियोगिता २०६८ अन्तर्गतको बक्सिङ्ग खेलको नतिजा

प्रधान सेनापति ट्रफि खेलकुद प्रतियोगिता २०६८ अन्तर्गतको बक्सिङ्ग खेल सम्पन्न भएको छ । ९ ओटा तौल समूहमा सञ्चालन भएको प्रतियोगिताको नतिजाअनुसार ४९ के.जी तौल समुहमा मध्य पृतनाका सिपाही राजेश के.सी. प्रथम भएभने पूर्वी पृतनाका सिपाही धनराज महत्वले द्वितीय स्थान प्राप्त गरे । त्यसैगरि ५२ के.जी तौल समूहमा विशेष फौजका सिपाही प्रेम चौधरीले प्रथम स्थान हासिल गरेभने द्वितीय स्थान उपत्यका पृतनाका सिपाही सुभास वि.क.ले हात पारे । प्रतियोगिताको ५६ के.जी.तौल समूहमा मध्य पृतनाका अम.दिपेन्द्र बखन्छेले प्रथम स्थान प्राप्त गरेभने उपत्यका पृतनाका सिपाही उमेश लामाले द्वितीय स्थान हात पारे ।

त्यस्तै ६० के.जी.तौल समूहमा मध्यपश्चिम पृतनाका हुद्दा देवेन्द्र सिंह ठकुरी प्रथम भएका थिए सोही तौल समुहमा पूर्वी पृतनाका सिपाही दान बहादुर दर्लामीले द्वितीय स्थान प्राप्त गरे । त्यसैगरि ६४ के.जी.तौल समूहमा विशेष फौजका हुद्दा गोपाल सुनुवारले प्रथम स्थान प्राप्त गरेभने मध्य पृतनाका सिपाही एक बहादुर घलेले द्वितीय स्थान हासिल गरे ।

प्रतियोगिताको ६९ के.जी. तौल समुहमा सुदुर पश्चिम पृतनाका प्युठ सुदन गुरुङ्ग प्रथम हुन सफल भएभने मध्य पश्चिम पृतनाका सह.से सुनिल थापाले द्वितीय स्थान हासिल गरे । ७५ के.जी. तौल समुहमा मध्य पृतनाका अमल्दार उद्धव खत्रीले प्रथम स्थान ओगट्न सफल भएभने विशेष फौजका हुद्दा विष्णु बहादुर घले द्वितीय भए । त्यसैगरि ८१ के.जी. तौल समूहको खेलमा विशेष फौजका अमल्दार उजीर सिंह थापा प्रथम हुन सफल भएभने मध्य पश्चिम पृतनाका सिपाही घनश्याम बुढा द्वितीय भएका थिए । प्रतियोगिताको ९१ के.जीको तौल समुहमा विशेष फौजका प्युठ श्याम खड्का प्रथम भएका थिएभने पश्चिम पृतनाका प्युठ उमेश कुमार पुनले द्वितीय स्थान हासिल गरेका थिए ।

## विष्णुदल गणको सामाजिक कार्य

यही मङ्सिर २ गते ताप्लेजुङ्ग जिल्ला अम्बेगुदिन निवासी गीता कुँवरको उपचारार्थ विष्णुदल गणका ३ जना सैनिक जवानहरुले रक्तदान गरेका छन् । प्रसवको कारण अत्याधिक रक्तश्राववभई ओ पोजेटिभ रगत आवश्यक परेपछि जिल्ला रेडक्रस सोसाइटी पाँचथरले विष्णुदल गणसँग रगत उपलब्ध गराई दिन सहयोग माग गरेअनुरुप गणका हुद्धा सुरेश भण्डारी, अम. विष्णुलाल श्रेष्ठ र प्युठ सुमन श्रेष्ठले रगत दान गरेका हुन् । यसैगरी श्री विष्णुदल गणले पाँचथर जिल्लाको थर्पु गा.वि.स.स्थित दाहाल गाउँमा गत कात्तिक ३० गते आगलागीका पीडितहरुलाई राहत सामग्री उपलब्ध गराएको छ । रेडक्रस सोसाइटी पाँचथरको समन्वयमा भएको उक्त राहत वितरण कार्यक्रममा पूर्व मन्त्री पूर्ण कुमार सेर्मा लगायत जिल्लास्थित सरकारी कार्यलयका प्रमुखहरुसमेतको उपस्थिति रहेको थियो ।

# प्रमाण-पत्र तह नर्सिङ्ग कक्षा शुरु

नेपाली सेना स्वास्थ्य विज्ञान संस्थान, नर्सिङ महाविद्यालय महांकालस्थानमा प्रमाण-पत्र तहको नर्सिङ्ग कक्षा सञ्चालन शुरु भएको छ। यही मङ्सिर ११ गते सैनिक स्वास्थ्य महानिर्देशक




नर्सिङ्ग कक्षा शुभारम्भ गर्नुहुँदै सैनिक स्वास्थ्य महानिर्देशक प्राविधिक उपरथी डा. श्री गम्भीर लाल राजभण्डारी।

प्राविधिक उपरथी डा. श्री गम्भीर लाल राजभण्डारीले एक कार्यक्रमकाबीच प्रथम प्रवचन गर्नुभई नर्सिङ्ग कक्षा शुभारम्भ गर्नु भएको हो।

नेपाली सेना स्वास्थ्य विज्ञान संस्थान, कलेज अफ नर्सिङ्गमा यस वर्ष नर्सिङ्ग संकायतर्फ प्रवीणता प्रमाण-पत्र तहमा ४० जना विद्यार्थी भर्ना गरिएको छ। जसमा गैरसैनिक तर्फका १९ जना र सैनिकतर्फका २१ जना विद्यार्थी रहेका छन्।

# बास्केटवल कोर्ट उद्घाटन



बास्केटबल कोर्ट उद्घाटन गर्नुहुँदै उपरथी श्री भिक्टर ज.ब.रा.।

तनहुँको दमौलीस्थित चापाघाट व्यारेकमा तैनाथ रहेको केवल जंग गुल्म हाताभित्र बास्केटबल ग्राउण्ड निर्माण गरिएको छ। गुल्मको आफ्नै साधन र स्रोतबाट निर्मित सो बास्केटवल ग्राउण्डको गतअसोज १० गते पश्चिम पृतनापति उपरथी श्री भिक्टर ज.ब.रा.ले एक कार्यक्रमकाबीच उद्घाटन गर्नु भएको थियो।

# विजय उत्सव सम्पन्न



वि.सं. १८२४ कात्तिक २४ गतेका दिन सिन्धुलीगढीमा तत्कालीन इष्ट इण्डिया कम्पनीको फौजमाथि नेपाली फौजले विजय प्राप्त गरेको स्मरणमा गत कात्तिक २४ गते सो स्थानमा 'विजय उत्सव' कार्यक्रम सम्पन्न भयो। इष्ट इण्डिया कम्पनीबाट क्याप्टेन किनलोकको नेतृत्वमा आएको फौजलाई श्री नाथ, कालीबक्स, बर्दवाहिनी, पूरानो गोरख र सबुज पल्टनले परास्त गरेको हुनाले सोही तिथि पारेर विजय उत्सव कार्यक्रम मनाइएको हो।

सिन्धुली जिल्ला पत्रकार महासंघको पहलमा सम्पन्न सो कार्यक्रमको अवसरमा कात्तिक २२, २३ र २४ गतेसम्म नं ९ वाहिनी अड्डा तथा पूरानो गोरख गणको १ गुल्म फौजले ठूलोगढी, सानोगढी, दरबार इलाका तथा गढी प्रवेश गर्ने इलाकाको सरसफाइ गरेका थिए। राष्ट्रियता झल्काउने विविध सांस्कृतिक कार्यक्रमहरुसमेत प्रस्तुत गरिएको उक्त विजय उत्सव कार्यक्रममा नं ९ वाहिनी अड्डाका सहायक वाहिनीपति, पूरानो गोरख गणका गणपति, स्थानीय विद्यार्थी एवं जनसमूदायको ठूलो मात्रामा उपस्थिति रहेको थियो।

# प्राथमिक उपचार तालिम

गत कात्तिक ४ गतेबाट ७ गतेसम्म डोटीस्थित श्री भैरव गणले सिलगढी व्यारेकमा प्राथमिक उपचार सम्बन्धी तालिम सञ्चालन गर्‍यो। सो तालिम जिल्ला रेडक्रस सोसाईटी डोटी र गणको संयुक्त प्रयासमा सञ्चालन गरिएको जनाइएको छ।



उक्त तालिममा रेडक्रस शाखाका ६ जना र गणको २४ जनागरि जम्मा ३० जनाको सहभागिता रहेको तालिमको प्रथम तथा अन्तिम प्रवचन निमित्त गणपति सेनानी श्री प्रकाश थापाले गर्नुभएको थियो।

# जनचेतनामूलक कार्यक्रममा नेपाली सेना

**नं. २६ वाहिनी तथा अन्तर्गतका युनिटहरू:**

श्री नं.२६ वाहिनी अड्डा तथा अन्तर्गतका युनिटहरुले आ-आफ्नो जिम्मेवारी क्षेत्रभित्र माईन रिक्स एजुकेसन सम्बन्धी सचेतना कार्यक्रम गरेका छन्।

यसक्रममा नं. २६ वाहिनी अड्डाले गत कात्तिक २४ गते काभ्रेपलान्चोक जिल्लाको भकुण्डेबेसी स्थित जनक उच्च माध्यमिक विद्यालयमा, गोरखनाथ गणले कात्तिक २८ गते सिन्धुपाल्चोक जिल्लाको श्री कृष्ण रत्न उच्च माध्यमिक विद्यालय चौतारा र ईर्खु माध्यमिक विद्यालय ईर्खुमा, ज्वालादल गणले मङ्सिर १ र २ गते क्रमशः भक्तपुरको लिटिल गार्डन ईङलिस सेकेन्डरी स्कूल गुण्डु र स्प्रिङ्गडेल इङलिस सेकेन्डरी बोर्डिङ स्कूल कटुन्जेमा सो सम्बन्धी कार्यक्रम सञ्चालन गरेका थिए।



त्यस्तैगरी खड्गदल गणले कात्तिक २० गते र २२ गते काभ्रेपलान्चोक जिल्लाको श्री संजीवनी उच्च माध्यमिक विद्यालय धुलीखेल, पूर्ण संजीवनी लखनाई उच्च माध्यमिक विद्यालय चोत्छेटोल, शिक्षासदन उच्च माध्यमिक विद्यालय बनेपा, आजाद माध्यमिक विद्यालय बनेपा, चैतन्य माध्य मिक विद्यालय, बनेपा र इन्द्रेश्वर उच्च माध्यमिक विद्यालय पनौतीमा सो कार्यक्रम सञ्चालन गरेको थियो। यस्तैगरी भीमकाली गुल्मले कात्तिक १६,१७ र १८ गते सिन्धुपाल्चोक जिल्लाको श्री ठूलो थकनी उच्च माध्यमिक विद्यालय, श्री सरस्वती उच्च माध्यमिक विद्यालय ग्याल्थुम, श्री इन्द्रश्वरी उच्च माध्यमिक विद्यालय मेलम्ची, श्री पाल्पादेवी उच्च माध्यमिक विद्यालय बाँसवारी, श्रीकृष्ण उच्च माध्यमिक विद्यालय थकनीमा यो कार्यक्रम सञ्चालन गरेको थियो।

**श्री वीरदल गण:**




गत कात्तिक ३० गतेदेखि मङ्सिर २ गतेसम्म जाजरकोट जिल्ला सिमा गाविसस्थित मर्क बजारमा वीरदल गणले विष्फोटक पदार्थबाट हुने जोखिम न्यूनिकरण सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरेको थियो। उक्त कार्यक्रममा स्थानीयवासिन्दाको उल्लेख्य मात्रमा उपस्थिति रहेको जनाइएको छ।



**श्रीनाथ गणः**

डडेलधुरा जिल्लामा तैनाथ श्रीनाथ गणले आफ्नो जिम्मेवारी क्षेत्रभित्र पर्ने विद्यालयहरुमा माईन जोखिम शिक्षा सम्बन्धी सचेताना कार्यक्रम गरेको छ। माईन तथा विस्फोटक पदार्थहरुबाट हुने खतराबाट आमजनतालाई जोगाउन तथा जनचेतना फैलाउने उद्देश्यले उक्त गणले कात्तिक २० गते डडेलधुरा जिल्लाको मौरडास्थित बैजनाथ माध्यमिक विद्यालयमा, २७ गते ढुन्ढुनेस्थित भूमिराज प्राथमिक विद्यालय र दहगाउँस्थित मोर्डन इङ्गलिस लोअर सेकेन्डरी बोर्डिङ्ग स्कूलमा, मङ्सिर १ गते मौरडास्थित बैजनाथ माध्यमिक विद्यालयमा, ४ गते सरस्वती माध्यमिक विद्यालयमा, मङ्सिर ७ गते डोटी जिल्लाको बुडरस्थित रामपुर उच्च माध्यमिक विद्यालयमा र मङ्सिर ८ गते अमरगढी नगरपालिका तुफानडाँडास्थित महेन्द्र नमूना उच्च माध्यमिक विद्यालयमा सो सम्बन्धी कार्यक्रम सञ्चालन गरेको थियो। श्रीनाथ गणले सञ्चालन गरेको सो सचेतना कार्यक्रममा विद्यार्थी तथा शिक्षकहरु गरी १४ सय जनाको सहभागिता रहेको थियो।

# जनहीत कार्यमा श्री अर्जुनवाण गण

मोरङ्ग जिल्लास्थित श्री अर्जुनवाण गणले यही मङ्सिर २ गते लेटाङ्गस्थित सडकको ९ की.मी. इलाकामा झाडी-बुट्यान सरसफाइ गरेको छ। गणपतिको कमाण्डमा गएको एक टोली र सोही स्थानमा तैनाथ रहेको श्री पूर्वी पृतना शिक्षालयको टोली सहित २५० जनाको संयुक्त टोलीले स्थानीय संघ सस्था र जनतासँगको सहकार्यमा सो सरसफाइ कार्यक्रम सम्पन्न गरेको हो।



त्यसैगरि गत कात्तिक ३१ गते मोरङ्ग जिल्लाको सकलपुरस्थित आरती युवा क्लबले आयोजना गरेको रक्तदान कार्यक्रममा गणका ११ जना सकलदर्जाले रक्तदान गरेका छन्। त्यस्तै यही मङ्सिर १ गते श्री अर्जुनवाण गणको "ख" गुल्म उर्लाबारी सुरक्षा बेशका ४ जना सकलदर्जाले पनि रक्तदान गरेका छन्। उर्लाबारी नगरपालिकाको आइतबारमा सञ्चालित सो रक्तदान कार्यक्रम स्थानीय चन्द्र सूर्य बचत तथा ऋण सहकारी संस्थाले आयोजना गरेको थियो।

# अधिकृत मिडिया ह्याण्डलिङ्ग तालिम समापन

सैनिक जनसम्पर्क निर्देशनालयमा सञ्चालन भएको सि.सं. १५ अधिकृत मिडिया ह्याण्डलिङ्ग



शिक्षार्थी अधिकृतहरुलाई प्रमाण-पत्र प्रदान गर्नुहुँदै सहायक रथी श्री रमिन्द्र क्षेत्री ।

तालिमको यही मङ्सिर ९ गते सैनिक जनसम्पर्क निर्देशनालयका निर्देशक तथा सैनिक प्रवक्ता सहायक रथी श्री रमिन्द्र क्षेत्रीले समापन गर्नु भएको छ ।

गत कात्तिक २० गतेबाट सञ्चालित उक्त तालिममा प्रमुख सेनानी ३ र सेनानी १४ गरी १७ जना शिक्षार्थी अधिकृतहरुको सहभागिता रहेको थियो ।

# भवन उद्घाटन



नवनिर्मित भवन उद्घाटन गर्नुहुँदै सहायक रथी श्री सुन्दर पुडासैनी ।

नारायणहिटीस्थित उपत्यका पृतना तालिम शिक्षालयमा ४० वेडको जवान लाईन १ र ट्रस्ट घर १ निर्माण भएको छ ।

सो घरहरुको गत कात्तिक २३ गते उपत्यका पृतना हे.क्वा. का निमित्त पृतनापति सहायक रथी श्री सुन्दर पुडासैनीले उद्घाटन गर्नुभएको छ ।

# नं. २६ फिल्ड एम्बुलेन्स गुल्मको झण्डोत्तोलन

काभ्रे जिल्लाको भकुण्डेबेशीस्थित श्री नं. २६ वाहिनी हाताभित्र नं. २६ फिल्ड एम्बुलेन्स गुल्म स्थापना भएको छ ।



नं. २६ फि.ए. गुल्मको झण्डोत्तोलनको क्रममा सहायक रथी श्री तारा बहादुर कार्की ।

उक्त फिल्ड एम्बुलेन्स गुल्मको यही मङ्सिर १ गते नं. २६ वाहिनीपति सहायक रथी श्री तारा बहादुर कार्कीले झण्डोत्तोलन गर्नुभएको छ । सो कार्यक्रममा वाहिनीहाता भित्रका अधिकृत, पदिक र अन्यदर्जाको सहभागिता रहेको थियो ।

# मानव अधिकार सम्बन्धी तालिम

नं. २ वाहिनी अड्डामा सञ्चालन भएको मानव अधिकार, सशस्त्र द्वन्द्वको कानून तथा युएनएससीआर १३२५ र १८२० सम्बन्धी तालिम गत कात्तिक २५ गते समापन भएको छ ।



तालिम समापनका क्रममा मानव अधिकार निर्देशनालयका निर्देशक प्राड सहायक रथी श्री निरेन्द्र प्रसाद अर्यालले मानव अधिकार र अन्तराष्ट्रिय मानवीय कानून सम्बन्धी नेपाली सेनाले गरेको प्रयास र चुनौतीका बारेमा प्रकाश पार्नुका साथै शिक्षार्थीहरुलाई प्रमाण-पत्र वितरण गर्नुभएको थियो ।

गत कात्तिक २० गते सुरु भएको उक्त तालिममा नं. २ वाहिनी अड्डाअन्तर्गत अधिकृत ९, पदिक १६ र महिला सिपाही ५ गरी ३० जना शिक्षार्थीहरुको सहभागीता रहेको थियो । सो तालिममा महिला, शान्ति र सुरक्षा लगायत द्वन्द्व र द्वन्द्व पश्चात् हुने यौन हिंसाको बारेमा समेत शिक्षार्थीहरुलाई जानकारी गराइएको थियो ।

# स्वास्थ्य शिविर तथा सचेतनामूलक कार्यक्रम



पश्चिम पृतना हे.क्वा.

गत कात्तिक २८ गते पश्चिम पृतना हे.क्वा. बाट सेनानी सूर्यलाल गिरीको कमाण्डमा गएको टोलीले कास्की जिल्लाको घान्द्रुक इलाकामा स्वास्थ्य शिविर सञ्चालन गरी स्थानीयवासीको स्वास्थ्य परीक्षण तथा नि:शुल्क औषधी वितरण गरेको छ ।

चरक अस्पताल, फिस्टेल अस्पताल,फेवासिटी अस्पताल, मनिपाल अस्पताल र पश्चिम पृतना जी.ओ.पी.डी सेवाको संयुक्त प्रयासमा सो शिविर सञ्चालन गरिएको हो ।





वीरदल गण

त्यसै क्रममा कालीभञ्जन गण(इ)को टोलीले घान्द्रुकका स्थानीय माध्यमिक विद्यालयमा अध्ययनरत ३०० जना विद्यार्थीहरुलाई बारुदी शुरुङ्ग सम्बन्धी सचेतना कार्यक्रम गरेको थियो भने पश्चिम पृतना हे.क्वा.ले स्थानीय विद्यालयलाई सहयोगस्वरुप शैक्षिक तथा खेलकुदका सामग्रीहरु उपलब्ध गराएको थियो ।



भवानीबक्स गण

यसैगरी गत कात्तिक ३० गतेदेखि मङ्सिर २ गतेसम्म जाजरकोट जिल्ला सिमा गाविसस्थित मर्क बजारमा वीरदल गणले एकीकृत घुम्ती शिविर सञ्चालन गरेको छ । उक्त शिविरमा प्रसुति रोग, बाल रोग, नाक, कान, घाँटी, आँखा तथा पेट सम्बन्धी स्वास्थ्य परीक्षण गरिएको थियो । जसबाट ६२४ जना बिरामीहरु लाभान्वित भएका थिए ।

भवानीबक्स गणले गत कात्तिक २३ गते रुपन्देही जिल्लाको केउली इलाकामा नि:शुल्क



रणशेर गण

स्वास्थ्य शिविर सञ्चालन गरेको थियो । उक्त शिविरमा ३२० जना बिरामीले स्वास्थ्य जाँच गरिएको छ ।

अछाम जिल्लामा तैनाथ श्री रणशेर गणले गत कात्तिक २३ र २४ गते आफ्नो जिम्मेवार क्षेत्रभित्र पर्ने कमलबजारमा २ दिने नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको छ । यस स्वास्थ्य



भगवतीदल गुल्म

शिविरबाट १ हजार जना लाभान्वित भएका छन् ।

सल्यान जिल्लामा तैनाथ श्री भगवतीदल गणले गत कात्तिक २२ गतेदेखि ३ दिनसम्म त्रिवेणी गा.वि.स. र लुहान आसपासका ९ वटा गा.वि.स.हरुमा घुम्तीशिविर सञ्चालन गरी ७८२ जनाको उपचार गरेको छ ।

# हामी नेपाली सेना

सि. मन्दिरा बुढाथोकी
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु
निर्देशनालय

देशको सेवा गर्न सधैं अघि सर्ने
जनताको हीतलाई सर्वोपरी ठान्ने
देशभक्त र राष्ट्रियतालाई आत्मसाथ गर्ने
हामी नेपाली सेना

जन्म दिने आमा देशलाई प्यारो मान्ने
जनहीतका कार्य गरी जनता सेवा गर्ने
देशको सुरक्षार्थ सधैं लडिरहने
हामी नेपाली सेना

प्राकृतिक प्रकोप वा आगजनी
झाडा पखाला वा महामारी
हिउँले पुरिएका हुन् वा खोँचमा परेका
सबै नेपालीको उद्धार गर्ने
हामी नेपाली सेना

निकुञ्ज र आरक्षको सुरक्षा गर्ने
वन्यजन्तु र पंक्षीलाई अधिक माया गर्ने
देशद्रोही र तस्करीको विनाश गर्ने
हामी नेपाली सेना

सडक निर्माणदेखि वृक्षारोपण गर्ने
सांस्कृतिक सम्पदाको जगेर्ना गर्ने
प्राकृतिक पर्यावरण सधैं स्वच्छ राख्ने
हामी नेपाली सेना

# शान्ति



सिपाही गगन सिंह धामी
श्री इन्द्रबक्स गण, म्याग्दी

हे शान्ति ! तिमी कहाँ गयौ
सारा नेपालीहरुलाई रुवाउँदै
बुद्धको विशाल छातीमाथि
रगतको भल बगाउँदै

उराठ भा'छ वनपाखा
साथ तिम्रो नपाउँदा
मुटु छियाँछियाँ हुन्छ
नेपाल आमाले आँशु बगाउँदा

किन तिमी लुक्न खोज्छौ
सबले तिमीलाई खोज्दा पनि
फर्किएर आउ शान्ति
बल्ल हाँस्छिन नेपाल आमा

अनि मात्र वनपाखामा
कोइलीले गीत गाउने छन्
सबले मिली हर्षका साथ
शान्तिको माला लाउनेछन्

फुटेका यी दाजु भाइमा
माया मोह पलाउँदा
कस्तो होला नेपाल
फेरी शान्ति फर्की आउँदा ॥

# गजल



प्युठ बलदेव के.सी.(भरिया)
श्री गणेश दल गण,
त्रिपुरेश्वेर

कहिले नझुक्ने वीरको शान हाम्रो
जगत भरीमा उच्च सम्मान हाम्रो

दिनका दिन ताज पहिरिदै सूर्य
हिमशिखरमा झुल्कने बिहान हाम्रो

दीप बनी प्रातः जगाएर पो हो की
चारैतिर सुनिन्छ गुनगान हाम्रो

यही घरमा रोपेको पसिना पोखेको
ढिंडो आँटी जे खाँउ अमृत पान हाम्रो

पुकार छ सधैंभरि नेपाल आमाको
कैले नओइलाउने सन्तान हाम्रो

आज प्रत्येक वाणीमा मृद रस हुनु
बुद्धले सुम्पेको त्यो महाज्ञान हाम्रो

पराई आएर हिरा फिजाए पनि
आफ्नोपन नछाड्ने अडान हाम्रो

ठान्दोहो मनमनै सगरमाथा पनि
हाँसिरहन्छ म जस्तै जवान हाम्रो

अन्यायको थुप्रो नडढाउन्जेल
चलिरहन्छ सधैं आँधी तुफान हाम्रो

जगत्भरका उच्च सम्मान हाम्रो
कहिल्यै नझुक्ने वीरको शान हाम्रो

# केही हाइकु



प्रा.अम मुकुन्द बस्नेत
श्री प्रचार प्रसार शाखा

-इतिहास त्यो
राख्ने छु जोगाएर
पूर्खाको नासो

-खुकुरी खुँडा
तरबारको जादु
विश्व थर्का'का

-नलिनु पीर
दिन्छु म बलिदान
राष्ट्रको निम्ति

-घरको माया
बिरानो भयो आज
नरुनु है त

-कुकुर मर्छ
देशकै लागि त हो
शहीद भयो ।

# लेख रचना आह्वान

यस सिपाही पाक्षिक पत्रिकामा तपाइँका लेख रचनाका साथै कुनै सल्लाह सुझाव भएमा **सिपाही पाक्षिक पत्रिका श्री सैनिक जनसम्पर्क निर्देशनालय, प्रचार प्रसार शाखा जंगी अड्डा** मा पत्राचार गर्न हुन अथवा sipahipatrika@ gmail.com मा ईमेल गर्न अनुरोध गरिन्छ ।

# सिपाही

हुद्दा नारायण गिरी
श्री रणशार्दुल गण, दैलेख

म सिपाही हुँ राष्ट्रको, सचेत हुनु मेरो कर्म
वलिदानको निम्ति सधैं तैयार हुनु मेरो धर्म ।
पर्न दिन्न कुदृष्टी मेरो प्यारो देश माथि
त्यति मन पराउँदैन देश द्रोही देशघाती ॥

जीउभन्दा प्यारो लाग्छ जन्मभूमिको स्वतन्त्रता
प्राण भन्दा प्यारो लाग्छ यो देशको स्वतन्त्रता ।
राष्ट्ररक्षक सेना हुँ म साथमा राख्छु वलिदान
वीरताको गाथा बोकी उचाल्नुछ देशको मान ॥

देशको अहम् माथि प्रहार कोही गर्न खोजे
नराम्रो होला परिणाम आफ्नो स्वार्थ भर्न खोजे ।
कालसँग जिस्क है बरु जिस्क सर्प सँगपनि
नजिस्क म सँग जनता र देशघाती बनि ॥

हरदम चिन्तित छु देशमा ग्रहण लाग्छकी भनी
जनताको भाग्यमाथि राहुलबनी जाग्छकी भनी ।
म सिपाही हुँ राष्ट्रको सचेत हुनु मेरो कर्म
वलिदानको निम्ति सधैं तयार हुनु मेरो धर्म ॥

म सहन सक्दिन है परचक्रीका निष्ठुर हेला
ज्यान दिन तयार छु देशमा आपत पऱ्या बेला ।
राष्ट्ररक्षक सेना हुँ म साथमा राख्छु वलिदान
वीरताको गाथा बोकी उचाल्नुछ देशको मान ॥

# फूल्नलाई त फूल्यौ तर....



हु.क मदन जी.सी.
श्री ब.ला.वि.(सै.स.)जङ्गी अड्डा

भन फूल तिमी किन यति सुन्दर
भई फूल्यौ
बिर्सीएर फूल्यौ कि त, अरु कसैलाई फूल्यौ
फक्रिएर फूल्यौ, हर्षिएर फूल्यौ
फूल्नलाई त फूल्यौ तर झर्नलाई फूल्यौ ।

आँखा लोभी मन पापी हुन्छ भन्छन्
उसको, मेरो, सबको आँखा पर्नलाई फूल्यौ
चम्किएर फूल्यौ, तन्किएर फूल्यौ
फूल्नलाई त फूल्यौ तर झर्नलाई फूल्यौ ।

जवानीमा यौवन पनि फूल्छ अरे
प्रकृतिको गाल टार्नलाई फूल्यौ
लजाएर फूल्यौ, सर्माएर फूल्यौ
फूल्नलाई त फूल्यौ तर झर्नलाई फूल्यौ ।

सुन्दरता केवल देख्नका लागि भन्छन्
त्यसो भए दुनियाको आँखा पर्नलाई फूल्यौ
सप्रिएर फूल्यौ, लर्किएर फूल्यौ
फूल्नलाई त फूल्यौ तर झर्नलाई फूल्यौ ।

अजम्मरी कोही हुन्न भन्छन्
यति सुन्दर भएर पनि के मर्नलाई फूल्यौ
वनमै फूल्यौ, मनमै फूल्यौ
फूल्नलाई त फूल्यौ तर झर्नलाई फूल्यौ ।

कविता कविको मनमा फूल्छ भन्छन्
त्यसो भए कलमको टुप्पोबाट मसि भई फूल्यौ
यति सुन्दर मनबाट कपिमा सर्नलाई फूल्यौ
फूल्नलाई त फूल्यौ तर झर्नलाई फूल्यौ ।

धपक्क बल्नलाई फूल्यौ
सबको मन जल्नलाई फूल्यौ
हाँगामा फूल्यौ तर अन्त कतै सर्नलाई फूल्यौ
हरे...१ स्वार्थी दुनियाँमा के मर्नलाई फूल्यौ
फूल्नलाई त फूल्यौतर झर्नलाई फूल्यौ
फूल्नलाई त फूल्यौ तर............

# रणभूमि



अम लाल बहादर बरुवाल
श्री नं.१ ग्यायरिजन गण

बगाए पसिना तालिममा बग्ने छैन रगत रणभूमिमा
गुरुबाट अक्षरस पालना गर्ने यही मन्त्र पाएको छु
वैरीको सामु नझुक्ने आफ्नो देशलाई बचाउने
राष्ट्रिय झण्डा मुनि कसम खाएको छु
जस्तो सुकै मौसममा होस या कठिन जमिनमा होस्
औंशीको रात होस् या फेरी
चन्द्र ग्रहण नै किन नहोस्
बालुवाको गरौं झोला बोक्ने तालिम पाएको छु
अनेकन चालको प्रयोग गरी भेष सकललाई तोडेर
स्कटीङ्ग गर्दै शत्रुलाई मार्ने तालिम पाएको छु
जस्तो दुश्मन उस्तै बनी दुश्मनलाई
बरबाद गर्न जानेको छु
दिनमा एक आखा बन्द गरी
रातमा कुजरथी सिधाई हासिलगरी
एक ईन्जको ग्रुपिङ्ग फायर गर्न जानेको छु
राईफल गोली .....ताकी ताकी
वैरीको छातीमा हान्ने तालिम पाएको छु
त्यति मात्रै नभए घाइते बिरामीलाई उपचार गर्न
मेडिकल तालिम पाएको छु
चितुवाको चालमा दुश्मनको नजिक पुगि
गृनेटको सेफ्टिपिन थुतेर दुश्मनको हुललाई
बङ्करमा फ्याक्न पनि जानेको छु
गृनेट फाइटिङ्ग अनि सि.आई.जे.डब्लु.
तालिम पनि पाएको छु
कसैलाई बुठले कसैलाई खुकुरीले टुक्राटुका पारी
मातृभूमिलाई बचाउँने
श्री नं. १ ग्यारिजन गणको
निशान छोएर कसम खाएको छु
शीरमा गौरव काँधमा जिम्मेवारी
अनि हृदयमा बफादारीको साथ
श्री नं.१ ग्यारिजन गणमा मैले तालिम गरेको छु
पुर्खाको नाम राख्न तत्पर छु
विश्वमा गोर्खाली वीर भनी चिनाउँन
फौजीमा भर्ति भएको छु
श्री नं.१ ग्यारिजन गणमा परेको छु ॥

# हाम्रो ज्वाला दल



सिपाही गोबिन्द चन्द
श्री ज्वालादल गण,
सूर्यविनायक, भक्तपुर

ज्वाला दीप बनि संसार भरी शान्ति छर्ने
अखण्ड यो मातृभूमिको सधैं रक्षा गर्ने
आफू जलेर अरुलाई उज्यालो दिने
सधैं देश, जनताको लागि तैनाथ रहने ।
जंगी छ ज्वाला बनाइ छुनलाई जुनतारा
शान्तिको बिगुल फुक्दछ ज्वाला संसार सारा
मुटुको धड्कन बनि धड्कन्छ हरेक पल
हाम्रो प्यारो ज्वालादल.....।
शक्ति हौ हामी यो देशको
रक्षा गर्छौ हामी देश र जनताको
लक्ष्य लिई बन्छौ हामी सफल
वीरहरुको गौरवगाथाले भरिएको छ ज्वालादल ।
तनमनमा बसिरहन्छ हरेक पल
मुटुको धड्कन बनिरहन्छ ज्वालादल
सेवा नै धर्म हो भन्ने आदर्श वाक्य बोकेर
मेचीदेखि महाकालीसम्म तैनाथ रहेर ।
युद्ध लड्दै पुग्यो ज्वाला काँगडा र किल्ला
चन्द्र सूर्य झैं चम्किरहोस् हाम्रो पल्टन ज्वाला ।

## प्रकृति संरक्षण सम्बन्धी गतिविधि

-शुक्लाफाँटा वन्यजन्तु आरक्ष सुरक्षार्थ तैनाथ श्री चण्डीप्रसाद गण अन्तर्गत पोष्टहरुबाट गत कात्तिक १६ गतेदेखि मसान्तसम्म गएको पट्रोल टोलीले आरक्ष इलाकामा छाडा रुपमा चरिचरण गरिरहेका-१०४ वटा चौपायाहरुलाई नियन्त्रणमा लिएको थियो । त्यसैगरि आरक्ष इलाकाभित्र अवैधरुपमा घाँस दाउरा काटिरहेका व्यक्तिहरुलाई पक्राउ गर्नुका साथै हँसिया थान-२५४ नाम्लो गोटा-२३, बन्चरो-३, डोरी-४३, हेल्का-४ र आरा-२ पक्राउ गरी आरक्ष कार्यालयमा बुझाएको थियो ।

-बर्दिया राष्ट्रिय निकुञ्ज सुरक्षार्थ तैनाथ श्री नरसिंहदल गण अन्तर्गत सुरक्षा पोष्ट बनखेतबाट गत कात्तिक १६ गते गएको पट्रोल टोलीले लठवा इलाकामा अवैधरुपमा घाँस काट्दै गरेका ३ जनालाई पक्राउ गरेको थियो। गत असोज २१ गते गणबाट गएको पट्रोल टोलीले निकुञ्ज इलाकाभित्र अवैध रुपमा घाँस दाउरा काट्दै गरेका १८ जनालाई हँसिया-१० र नाम्लो-७ सहित पक्राउ गरेको थियो। त्यसैगरि सोही दिन गणबाट गएको एक टोलीले होटेल रेसिसेडमा चोरी शिकारीमा संलग्न ४ जना चिनिया नागरिक र एक जना नेपालीलाई पक्राउ गरेको थियो। नेपालगञ्जस्थित अनुगमन कार्यालयमा बुझाइएका उक्त चिनिया नागरिकलाई पासपोर्ट र भिसा नभएको अवस्थामा पक्राउ गरिएको थियो। साथै असोज २२ गते गण हे.क्वा.बाट गएको पट्रोल टोलीले गाब्रेला वडा नं. २ ठाकुराद्धारा बस्ने मानसिंह चौधरीलाइ-५ थान शिकार गर्ने जाल सहित पक्राउ गरेको थियो।

-चितवन राष्ट्रिय निकुञ्ज सुरक्षार्थ तैनाथ श्री नन्दाबक्स गण अन्तर्गत प्रतापपुर पोष्टबाट गएको पट्रोल टोलीले पोखरीघाट इलाकामा अवैध रुपले घाँस दाउरा काट्दै गरेको अवस्थामा नाम्लो-११ र खुर्पा-११ सहित पक्राउ गरेको थियो । गत कात्तिक २८ गते बाघमारा पोष्टबाट २ कि.मि.पूर्व दिशातर्फ पर्ने बाघखोला इलाकामा १६ वर्षिय लक्की नाम गरेको पोथी बाघ मृत अवस्थामा फेला पारेको थियो । उक्त मृत पोथी बाघलाई निकुञ्ज प्रशासनको रोहोवरमा खाल्डो खनी गाडिएको थियो ।

-कोशीटप्पु वन्यजन्तु आरक्ष सुरक्षार्थ तैनाथ श्री इन्द्रदल गुल्म अन्तर्गत सुरक्षा पोष्ट हरिपुरबाट गत कात्तिक २२ गते गएको पट्रोल टोलीले तित्रीगाछी इलाकामा छाडा छोडीएका-२१ वटा चौपायाहरुलाई नियन्त्रणमा लिएको थियो। यसैगरि २७ गते गुल्म हे.क्वाबाट गएको पट्रोल टोलीले आरक्षको सिमल घारी तथा त्रितीगाछी इलाकामा बिना इजाजत छाडा छोडीएका-७७ वटा चौपायाहरुलाई नियन्त्रणमा लिएको थियो।

-पर्सा वन्यजन्तु आरक्ष सुरक्षार्थ तैनाथ श्री गुरुगोरख गुल्मबाट गत कात्तिक २३ गते गएको सयुक्त पट्रोल टोलीले मनहरी इलाकामा बिना पुर्जी रोडा लिएर पथलैया तर्फ जादै गरेको अवस्थामा चालक १० सहित-१० वटा ट्रकलाई पक्राउ गरेका थियो । यसैगरि असोज २६ गते गुल्मबाट गएको संयुक्त पट्रोल टोलीले डम्बरपुर इलाकामा बिना पुर्जी ढुङ्गा तथा गिट्टी लोड गरी पथलैया तर्फ लैजादै गरेको अवस्थामा ३ जना चालकसहित ट्याक्टर गोटा-३ र चालक सहित ट्रक-१ लाई पक्राउ गरेको थियो ।

-शे.फोक्सुण्डो राष्ट्रिय निकुञ्ज सुरक्षार्थ तैनाथ श्री समरसुर गुल्मबाट गत कात्तिक २७ गते गएको पट्रोल टोलीले रिमी गाविस निवासी २४ वर्षिय एस बहादुर शाही र सोही गाविस वडा नं.२ निवासी २७ वर्षिय धनसिंह बोहोराले लुकाईछुपाई लादै गरेको अवस्थामा अन्दाजी-५० के.जी. भुत्ला बरामद गरी निजहरुलाई पक्राउ गरेको थियो।

-शिवपुरी, नागर्जुन राष्ट्रिय निकुञ्ज सुरक्षार्थ तैनाथ श्री काली बहादुर गणबाट गत कात्तिक १९ गते गएको पट्रोल टोलीले निकुञ्जको टोखा लिपीकोट क्षेत्रभित्र अनाधिकृत रुपमा घाँस दाउरा काट्दै गरेका-५ जना व्यक्तिहरुलाई पक्राउ गरेको थियो।

-बाँके राष्ट्रिय निकुञ्ज सुरक्षार्थ तैनाथ श्री गोरखदल गण अन्तर्गत ख गुल्म कौशिलानगरबाट गत कात्तिक २४ गते गएको पट्रोल टोलीले महादेवपुरी इलाकामा अवैध रुपमा जंगल फडानी गर्दै गरेको अवस्थामा हँसिया थान-७ र बन्चरो-२ पक्राउ गरको थियो साथै सोही दिन ख गुल्म कौशिलानगरबाट गएको संयुक्त पट्रोल टोलीले बाँके राष्ट्रिय निकुञ्ज अन्तर्गत चपलगौडी ३ किलो इलाकामा अवैध रुपमा ल्याउदै गरेको दाउरा-१२ भारी र काठको कडी गोटा-२ पक्राउ गरेको थियो।

-चितवन राष्ट्रिय निकुञ्ज, नवलपरासीमा तैनाथ श्री रणदल गुल्म अन्तर्गत बादरझुला पोष्टबाट गत कात्तिक १६ गते गएको पट्रोल टोलीले भोसारघाट इलाकामा काठ तस्करीहरुले राखेको सिसौको गोल ४ फिटको गोटा-४, ऐ.को गेल ५ फिट ३७ ईन्च गोटा-२, ऐ.को गेल-७ फिट ३५ ईन्चको गोटा १, ऐ.को गेल ८ फिट २९ ईन्चको गोटा १, सिमलको गेल ७ फिट ५५ ईन्चको गोटा १ बरामद गरेको थियो।

-लाडटाङ राष्ट्रिय निकुञ्ज, धुन्चेमा तैनाथ श्री अह्निदमन गणबाट गएको पट्रोल टोलीले थाडदोर बस्ने ३५ वर्षिय गोरे तामाङ्गलाई ५० के.जी.लोक्ता सहित पक्राउ गरेको थियो।

### 'माटोले माग्दैन आफैले दिनु पर्छ'
### पाक्षिक टेलिभिजन कार्यक्रम प्रसारण हुने समय तथा स्टेशनहरु

| सि.नं. | स्टेशन | बार | समय |
|---|---|---|---|
| १. | नेपाल टेलिभिजन | मंगलबार | साँझ ५:३० |
| २. | सगरमाथा टेलिभिजन | मंगलबार | अपरान्ह ४:०० |
| ३. | ईमेज च्यानल | मंगलबार | साँझ ६:०५ |
| ४. | हिमालय टेलिभिजन | सोमबार | साँझ ५:३० |
| ५. | च्यानल नेपाल | सोमबार | साँझ ६:३० |
| ६. | नेपाल वान | बुधवार | साँझ ६:०० |
| ७. | माउण्टेन टेलिभिजन | बिहीबार | अपरान्ह २:३० |
| ८. | तराई टेलिभिजन | शुक्रबार | अपरान्ह १:३० |

## सचेतना कार्यक्रम सम्पन्न

### कालीशक्ति गण (इ):

श्री कालीशक्ति गण(इ) ले मकवानपुर, धादिङ, चितवन र सिन्धुली लगायत जिल्लाका विभिन्न स्कूलहरुमा माइन रिक्स एजुकेसन सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरेको छ।



घातक विस्फोटक पदार्थ र त्यसबाट बनाइएको विभिन्न वस्तु देखिएमा के गर्न र कसरी बच्न सकिन्छ भन्ने बारेमा स्कूलका शिक्षक तथा विद्यार्थीहरुलाई जानकारी गराइएको थियो।

गत कात्तिक २८, २९, ३० गते र मङ्सिर २, ६ र ७ गते मकवानपुर जिल्लाको ६ वटा स्कूलमा, यस्तैगरी यही मङ्सिर ६, ७, ८ र ९ गते धादिङ्ग जिल्लाको ४ वटा स्कूलमा, मङ्सिर ८ र ९ गते चितवन जिल्लाको २ वटा स्कूलमा, र मङ्सिर ६ र ८ गते सिन्धुली जिल्लाको ३ वटा स्कूलमा सो कार्यक्रम सञ्चालन गरेको थियो। उक्त सचेतना कार्यक्रममा ३,४८६ जना विद्यार्थी तथा शिक्षकशिक्षिकाहरु सहभागी रहेका थिए।

### भैरव प्रसाद गण:

गत कात्तिक १७ गते श्री भैरव प्रसाद गणले आफ्नो जिम्मेवारी क्षेत्र अन्तर्गत धादिङ्ग जिल्लाको छत्रेदेउराली गाविसस्थित श्री महालक्ष्मी निम्न माध्यमिक विद्यालयमा वारुदी सुरुङ्ग तथा विष्फोटक पदार्थ सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरेको छ।

गणपति प्रमुख सेनानी सुन्दर कुमार पाण्डेको उपस्थितिमा सञ्चालित उक्त कार्यक्रममा प्रोजेक्टरबाट बारुद्धी सुरुङ्ग तथा विष्फोटक पदार्थ सम्बन्धी प्रस्तुतीकरणका साथै ई.ओ.डी. होल्डिङ्ग यूनिटबाट प्राप्त पम्प्लेट तथा पोष्टरहरुको वितरण गरिएको थियो।

विद्यार्थी, शिक्षक, शिक्षिका, अविभावक तथा स्थानीयवासीहरु गरी करिव १८० जनाको सहभागिता रहेको उक्त कार्यमक्रममा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण सम्बन्धी सचेतना तथा प्रकृति संरक्षण सम्बन्धी पोष्टरहरु समेत वितरण गरिएको थियो।

## युनिट/सव-युनिटहरुलाई विशेष आव्हान

**युनिटहरुले गरेको कल्याणकारी कार्य, सामाजिक/जनहीत कार्य, उद्धार, राहत तथा सहयोग वितरण, प्राकृतिक प्रकोप उद्धार, वार्षिकोत्सव, उद्घाटन, शिलान्यास, सेमिनार, सम्मेलन, आर्मीस्तरका तालिम, खेलकुद प्रतियोगिता, स्वास्थ्य शिविरलगायत अन्य विविध गतिविधि र त्यससँग सम्बन्धित तस्बिरहरु यस सिपाही पाक्षिक र रेडियो नेपालबाट प्रशारण हुने सैनिक कार्यक्रमको लागि आकर्षक सामग्री बन्न सक्छन् ।**

**यति मात्र हैन, तपाइँका युनिटहरुले गरेका रचनात्मक कार्यहरु अन्य युनिटहरुको लागि मार्गदर्शन र प्रेरणाको स्रोत पनि बन्न सक्छन् ।**

**त्यसैले, यदि तपाइँका युनिटसँग त्यस्ता प्रकाशन तथा प्रशारणयोग्य समाचार सामाग्री छन् भने यथासिघ्र श्री सैनिक जनसम्पर्क निर्देशनालयमार्फत् वा यस शाखाको निम्न ठेगानामा पठाउनु हुन अनुरोध गरिन्छ ।**

***यस्तैगरी, यस सिपाही पाक्षिकसँगै आफ्नै खर्चमा तपाइँको युनिटको अतिरिक्ताङ्क प्रकाशन गर्न चाहनुहुन्छ भने आफूले प्रकाशन गर्न चाहेको सामाग्रीहरु कान्तिपुर फन्टमा टाईप गरी फोटो समेत सी.डी. वा पेन ड्राईभमा राखेर यस शाखामा पठाउनु हुनको साथै विस्तृत जानकारीको लागि फोन नं. ०१-४२४१७३१ मा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।***

पत्राचारको लागि ठेगाना

**श्री सैनिक जनसम्पर्क निर्देशनलाय,**
**प्रचार प्रसार शाखा,**
**जंगी अड्डा ।**

फोन नं. : ४२४१७३१, फ्याक्स नं. : ४२६९६२४
Email: sipahipatrika@gmail.com

## बर्दबहादुर गणको वार्षिकोत्सव सम्पन्न

प्रधान सेनापति महारथी श्री छत्र मान सिंह गुरुङ्गको प्रमुख आतिथ्यमा यही मङ्सिर ३ गते बर्दबहादुर गणले आफ्नो स्थापनाको २४९ औं वार्षिकोत्सव मनाएको छ । सो अवसरमा गणले सांस्कृतिक कार्यक्रम 'बर्द सन्ध्या- २०६८' को समेत आयोजना गरेको थियो ।



सकल दर्जालाई सम्बोधन गर्नुहुँदै प्रधान सेनापति महारथी श्री छत्र मान सिंह गुरुङ्ग ।

वार्षिकोत्सवको कार्यक्रममा बलाध्यक्ष रथी श्री गौरब शम्शेर ज.ब.रा., संभाररथी उपरथी श्री नेत्र बहादुर थापा, व्यवस्था तथा युद्धकार्य महानिर्देशक उपरथी श्री दमन बहादुर घले, प्राड उपरथी श्री बीएकुमार शर्मा, रा.सु.प.का.सह-संयोजक उपरथी श्री कुमार बुढाथोकी, मध्य पृतनापति(हाल शिक्षाध्यक्ष, सैनिक कमाण्ड तथा स्टाफ कलेज)उपरथी श्री पवन बहादुर पाण्डे, गणका कर्णेल कमाण्डाण्ट अ.प्रा.स.र. श्री दिलिप रायमाझी, सैनिक जनसम्पर्क निर्देशक स.र.श्री रमिन्द्र क्षेत्री, नं. ९ वाहिनीपति स.र.श्री शरद गिरी, भूतपूर्व रथीवृन्द, पूर्व गणपतिहरु, बर्द बहादुर गण मदर यूनिट हुने तथा बर्द बहादुर गणमा कार्यरत अधिकृतहरु, भूतपूर्व पदिकहरु, दोलखा जिल्लाका सरकारी कार्यालय प्रमुखहरु, स्थानीय बुद्धिजीवि र अधिकृतका परिवारजनहरुको उल्लेख्य उपस्थिति रहेको थियो ।

## युनाईटेड नेशन्स मिलिटरी अब्जर्भर कोर्ष समापन

यही मङ्सिर २ गते व्यवस्था तथा युद्धकार्य महानिर्देशक उपरथी श्री दमन बहादुर घलेले पाँचखालस्थित वीरेन्द्र शान्ति कार्य तालिम केन्द्रमा सञ्चालन भएको अन्तर्राष्ट्रिय स्तरको 'युनाईटेड नेसन्स् मिलिटरी अब्जर्भर कोर्ष'को समापन गर्नु भएको छ ।



विदेशी शिक्षार्थीलाई पुरस्कार प्रदान गर्नुहुँदै व्यवस्था तथा युद्ध कार्य महानिर्देशक उपरथी श्री दमन बहादुर घले ।

गत कात्तिक २० गतेदेखि सञ्चालन भएको सो तालिममा शिक्षार्थी अधिकृतहरुलाई संयुक्त राष्ट्र संघको वनावट, विभिन्न मिशनहरुको अपरेशनल परिस्थिति, सैनिक पर्यवेक्षकको काम कारवाही आदि विषयमा सैद्धान्तिक तथा व्यवहारिक ज्ञान प्रदान गरिएको थियो । उक्त कोर्षमा बंगलादेश, क्यानडा, मलेसीया, बेलायतका १/१ जना र चीनका २ जना शिक्षार्थी अधिकृत तथा स्वदेशी १९ जना शिक्षार्थी अधिकृत गरी २५ जनाको सहभागिता रहेको थियो ।

## भारत भ्रमण पूरागरि कार्यरथीको टोली स्वदेश फिर्ता

यही मङ्सिर ५ गते कार्यरथी उपरथी श्री नर बहादुर कडेंलको नेतृत्वमा मित्रराष्ट्र भारतको भ्रमणमा गएको ५ सदस्यीय भ्रमण टोली आफ्नो भ्रमण पूरागरी यही मङ्सिर ११ गते स्वदेश फिर्ता भएको छ ।

मित्रराष्ट्र भारतको युनियन पब्लिक सर्भिस कमिशन/सर्भिस सेलेक्सन बोर्डको भ्रमण गर्न रक्षा मन्त्रालय, लोक सेवा आयोगका अधिकृत सहित नेपाली सेनाको टोली भारत गएको थियो ।

उक्त भ्रमणदलमा भर्ना छनौट निर्देशक सहायक रथी श्री सुरेन्द्र बहादुर कार्कीको समेत सहभागिता रहेको थियो ।



कार्यरथी उपरथी श्री नरबहादुर कंडेललाई त्रिभुवन अन्तर्राष्ट्रिय विमान स्थलमा विदाई गर्नुहुँदै सहायक रथी श्री धनिदाश कार्की

## मध्य पृतना हे.क्वा.को वार्षिकोत्सव सम्पन्न



पदोन्नति हुने सकल दर्जालाई दर्ज्यानी चिन्ह प्रदान गर्नुहुँदै मध्य पृतनापति उपरथी श्री पवन बहादुर पाण्डे ।

हेटौंडास्थित मध्यपृतना हेडक्वार्टरले यही मङ्सिर १ गते आफ्नो स्थापनाको ८ औं वार्षिकोत्सव विभिन्न कार्यक्रमको आयोजना गरी मनाएको छ ।

सो अवसरमा पृतनापति उपरथी श्री पवन बहादुर पाण्डेले पृतनाको रित्त दरवन्दीमा पदोन्नति हुने सकलदर्जालाई दर्ज्यानी चिन्ह प्रदान गर्नुका साथै पृतनाको आन्तरिक श्रोतबाट खरिद गरिएको प्रेसर कुकर सकल दर्जालाई वितरण गर्नुभएको थियो । यसैगरी पृतनापति श्री पाण्डेले मध्य पृतना हे.क्वा.मा नवनिर्मित कारखाना भवनको उद्घाटन गर्नुका साथै गत असोज १ गते गएको भू-कम्पबाट पीडित स्थानीयलाई रु.१० हजार नगद सहयोग उपलब्ध गराउनु भएको थियो ।

## भलिवल खेलमा पूर्वी पृतना विजयी

यही मङ्सिर ४ गते प्रधान सेनापति महारथी श्री छत्र मान सिंह गुरुङ्गको प्रमुख आतिथ्यमा पूर्वी पृतना हे.क्वा. र मध्य पश्चिम पृतना हे.क्वा.को टीमहरुबीच भलिवल खेलको फाइनल खेल सम्पन्न भएको छ ।

प्रधान सेनापति ट्रफि खेलकुद प्रतियोगिता २०६८ अन्तर्गत जङ्गी अड्डाको खेल मैदानमा सम्पन्न



संभार रथी उपरथी श्री नेत्र बहादुर थापा लगायत रथीवृन्दको साथमा विजयी पूर्वी पृतनाको टीम ।

भएको सो प्रतियोगिताका विजयी टीम तथा खेलाडीहरुलाई संभाररथी उपरथी श्री नेत्रबहादुर थापाले पुरस्कृत गर्नु भएको थियो ।

सो अवसरमा संभाररथी श्री थापाले प्रतियोगितामा प्रथम हुने पूर्वी पृतनाको टीमलाई शिल्ड, प्रमाण-पत्र सहित नगद रु. १५ हजार, द्वितीय हुने मध्य पश्चिम पृतनाको टीमलाई प्रमाण-पत्र सहित नगद रु.१० हजार र तृतीय हुने मद्दति फौजको टीमलाई प्रमाण-पत्र सहित नगद रु. ५ हजार प्रदान गर्नुका साथै प्रतियोगिता सञ्चालन गर्न सहयोग पुऱ्याउने रेफ्रिहरुलाई प्रशंसा-पत्र प्रदान गर्नु भएको थियो ।

## प्राविधिक अधिकृत आधार तालिम शुरु

भक्तपुरस्थित नेपाली सैनिक प्रतिष्ठानमा गत कात्तिक २३ गतेबाट सि.सं. १४ प्राविधिक अधिकृत आधार तालिम शुरु भएको छ । सो तालिमको सैनिक विनय महानिर्देशक उपरथी श्री राम बहादुर गुरुङ्गले एक कार्यक्रमकाबीच प्रथम प्रवचन गर्नुभयो ।



प्रथम प्रवचनका क्रममा सै.वि.म.नि. उपरथी श्री राम बहादुर गुरुङ्ग ।

सो क्रममा शिक्षार्थीहरुलाई सम्बोधन गर्नुहुँदै उपरथी श्री गुरुङ्गले तालिमलाई सेना सम्बन्धी आधारभूत पेशागत ज्ञानमा दक्षता, नेतृत्व कला सम्बन्धी गुणको विकास, अधिकृत सुहाउँदो आचरण अभिवृद्धि तथा शारीरिक सहिष्णुता विकास गर्ने अवसरको रुपमा लिन निर्देशन दिनु भयो ।

## बक्सिङ्ग खेलमा मध्य पृतना प्रथम

यही मङ्सिर ९ गते प्रधान सेनापति महारथी श्री छत्र मान सिंह गुरुङ्गको प्रमुख आतिथ्यमा प्रधान सेनापति ट्रफि खेलकुद प्रतियोगिता २०६८ अन्तर्गत बक्सिङ्गको फाइनल खेल सम्पन्न भएको छ ।

जङ्गी अड्डाको खेल मैदानमा सम्पन्न भएको सो प्रतियोगितामा समग्रमा मध्य पृतना हे.क्वा. ले प्रथम, विशेष फौजले द्वितीय र उपत्यका पृतना हे.क्वा.ले तृतीय स्थान हासिल गरेका छन् । विजयी पृतना तथा खेलाडीहरुलाई प्रबन्धरथी उपरथी श्री नरेन्द्रबहादुर रावलले सोही दिन पुरस्कार प्रदान



प्रबन्ध रथी उपरथी श्री नरेन्द्र बहादुर रावलबाट च्याम्पियनसीप शिल्ड ग्रहण गर्दै विजयी मध्य पृतनाका खेलाडीहरु ।

गर्नु भएको थियो ।

सो अवसरमा प्रबन्धरथी श्री रावलले प्रतियोगितामा प्रथम हुने मध्य पृतनाको टीमलाई च्याम्पियनसीप शिल्ड र प्रमाणपत्र सहित नगद रु. १५ हजार, द्वितीय हुने विशेष फौजको टीमलाई प्रमाण-पत्र सहित नगद रु.१० हजार र तृतीय हुने उपत्यका पृतनाको टीमलाई प्रमाण-पत्रसहित नगद रु. ५ हजार प्रदान गर्नुका साथै प्रतियोगिता सञ्चालन गर्न सहयोग पुऱ्याउने रेफ्रिहरुलाई प्रशंसा-पत्र प्रदान गर्नु भएको थियो ।

मुद्रण : श्री सैनिक जनसम्पर्क निर्देशनालय, श्रव्यदृष्य महाशाखा, छापाखाना शाखा कलर स्क्यानिङ्ग : डिजीटेक, पुल्चोक सम्पादन सहयोगी : प्रा.सु. विनोद अधिकारी ले-आउट: प्रा.हु. कृष्ण सिंह बोहरा